# संघीय संसद
## प्रतिनिधि सभा
## विकास तथा प्रविधि समिति
### बैठक संख्या : १४३

मितिः २०७९/०४/११

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका मन्त्री, सचिव, नारायणघाट-बुटवल सडक आयोजना प्रमुख तथा सम्वद्ध पदाधिकारीहरुसँग नारायणघाट-बुटवल सडकखण्डको कार्यप्रगति, हालैको वर्षाले क्षति पुऱ्याएका सडक तथा पुलहरु सुचारु गर्ने तथा अन्य विविध विषयमा छलफल भई देहाय वमोजिमको निर्णय भयो ।

१ नवनियुक्त नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री मा. मोहम्मद इश्तियाक राईलाई समितिमा स्वागत तथा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

२ देशकै व्यापारिक मार्गको रुपमा परिचित र एशियन हाई-वे को रुपमा स्तरोन्नतिको कार्य अगाडि बढाइएको नारायणघाट-बुटवल सडक (पूर्वी खण्ड, नवलपरासी-दाउन्ने र पश्चिमी खण्ड, दाउन्ने-बुटवल) को कार्य प्रगतिको बारेमा समितिले गम्भीरतापूर्वक चासो लिई आयोजनाको कामको स्थलगत अनुगमन समेत आयोजनामा देखिएका समस्याहरु समाधानका लागि मिति २०७८/१०/२८ गतेको समितिको बैठकवाट महत्वपूर्ण निर्देशनहरु भएका थिए । आयोजनाको अवधि सकिने अवस्था आइपुग्नै लाग्दा (सन् २०२२ अगस्ट १) सम्म हालको समस्टिगत प्रगति १८.४४ % रहेको विषयप्रति समितिको गम्भीर ध्यानाकर्षण भएको छ । समग्र आयोजना नै सम्पन्न हुने सम्झौता अवधिमा यस्तो न्यून र निराशाजनक प्रगतिको कारणले आयोजनाको ठेक्का नै रद्ध गर्नुपर्ने अवस्था सिर्जना भएको विषयलाई गम्भीरतापूर्वक छानवीन गरी आवश्यक कारवाहीको प्रक्रिया अगाडी बढाउन र आगामी दिनमा आयोजनाको लागत नबढ्ने गरी निर्धारित समयमा र गुणस्तरीय रुपमा सम्पन्न गर्न तत्काल समिक्षा गरी उपयुक्त निर्णय लिन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३ मित्र राष्ट्रहरुको निर्धारित शर्त सहितको अनुदान तथा ऋण सहयोगमा निर्माण तथा स्तरोन्नति भईरहेका राष्ट्रियस्तरका र अन्य सडक तथा पूर्वाधार निर्माणका आयोजनाहरु निर्धारित समयमा र गुणस्तरयुक्त रुपमा सम्पन्न हुन नसकिरहेको र आर्थिक व्ययभार समेत वृद्धि भईरहेको सम्वद्ध सरोकारवाला र सरकारी निकाय समेतको मुल्याङ्कनबाट स्पष्ट देखिएकोले समग्र राष्ट्रिय हितलाई ध्यानमा राखि यस्ता सम्झौताका शर्तहरुको तत्काल समिक्षा गरी पुनरावलोकन गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ देशका राष्ट्रियस्तरका तथा मुख्य सडकहरु नै क्षत-विक्षत हुने गरी उपयुक्त योजना विना पहुँच मार्गहरु निर्माण गर्ने प्रवृत्ति बढिरहेको सन्दर्भमा यस्ता मार्गहरु निर्माणको उपयुक्त नीतिगत मापदण्ड तत्काल

निर्धारण गरी कडाइका साथ कार्यान्वयन गर्न समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

५ निर्माणाधीन अवस्थामा रहेको कर्णालीको कालिकोट-जुम्ला जोड्ने नाङ्मा पक्की पुल हालैको वर्षाले चर्किएको पाइएकोले यसको प्रविधिक पक्ष तथा गुणस्तर सम्बन्धमा पन्ध्र (१५) दिनभित्र छानवीन गरी त्यसको प्रतिवेदन समितिमा पठाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

६ मित्र राष्ट्र भारतको एक्जिम बैंकको सहयोगमा निर्माणाधीन नुवाकोट जिल्ला अन्तरगतको बालाजु-रानीपौवा र रानीपौवा-पिपलटार सडकखण्ड स्तरोन्नतिको कार्य गर्दा साविकमा भएको पिच तथा ड्रेनहरु भत्काई डोजर लगाई क्षत विक्षत बनाई हालसम्म सम्पन्न नभएको विषयलाई ध्यानमा राखि समितिको मिति २०७८/१०/२८ गतेको बैठकबाट गुणस्तरयुक्त र समयमा सम्पन्न गर्न निर्देशन भइसकेको थियो । हाल सडकको ठेक्का रद्ध भई निर्माणको कार्य अवरुद्ध भएको सन्दर्भमा देशको उत्तरी नाकाबाट राजधानी जोड्ने यस्तो महत्वपूर्ण सडक निर्माणको कार्य तत्काल अगाडी बढाउने आवश्यक व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

७ हालैको अविरल वर्षाले आएको बाढी तथा पहिरोले नेपालका विभिन्न जिल्लाहरुका सडक तथा पुलहरुमा उल्लेख्य मात्रामा क्षति पुगी यातायात सेवा अवरुद्ध हुँदा दैनिक रुपमा हुने आवत-जावतलाई कष्टकर बनाएको छ । यस विषयलाई मध्यनजर राख्दै र नजिकिदै गरेको नेपालीहरुको महत्वपूर्ण चाडपर्वहरुलाई समेत ध्यानमा राखि क्षतिग्रस्त सडक तथा पुलहरुको तत्काल मर्मत संभार गरी यातायात सेवालाई सहज रुपमा सुचारु गर्ने आवश्यक व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

८ समितिबाट स्थलगत अनुगमन भई र समितिको मिति २०७६/०९/०४ गते बसेको बैठकबाट समेत निर्देशन भएको निर्माणाधीन साँघुटार-घोडाखोरी- ओखलढुङ्गा सडकको कालोपत्रे गर्ने कार्य अत्यन्त सुस्त भई हालसम्म पनि सम्पन्न हुन नसक्दा आवत-जावतमा समेत कठिनाई सिर्जना भएकोले सडकको निर्माण कार्य तीव्र गतिमा तत्काल अगाडी बढाउनको लागि समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पुनः निर्देश गर्दछ ।

९ समितिको आगामी बैठक २०७९ साउन १२ गते बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।

..................................
(ओमबहादुर कार्की)
समिति सचिव

..................................
(कल्याणी कुमारी खड्का)
सभापति